# डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड
## कमलादी, काठमाण्डौंको
## आठौं वार्षिक साधारण सभाको
### अभिलेख (माइन्यूट)

१. **वैधानिक सभा**

डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेडको मिति २०६५ कार्त्तिक २७ गते बसेको संचालक समितिको निर्णयानुसार कम्पनी ऐन २०६३ र यस बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम आठौं वार्षिक साधारण सभा बैंकको संचालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूको सभापतित्वमा निम्नलिखित मिति र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

२. **आठौं वार्षिक साधारण सभा बसेको मिति, समय र स्थानः**

१) मिति : २०६५ मार्ग २९ गते (December 14, 2008) आइतवार
२) समय : अपरान्ह १:०० बजे
३) स्थान : प्रज्ञा भवन, कमलादी, काठमाण्डौं

३. **सभाको सूचना/गणपूरक**

क) यस बैंकको मिति २०६५ साल कार्त्तिक २७ गते बसेको संचालक समितिको निर्णयानुसार आठौं वार्षिक साधारण सभाको सूचना नेपाल समाचारपत्र दैनिकमा २०६५ साल मार्ग २ गते र कान्तिपुर दैनिकमा २०६५ साल मार्ग ३ गते प्रकाशित गरिएको कम्पनी सचिवले सभामा जानकारी दिनुभयो ।

साधारण सभा बस्ने सूचनाको साथै संचालक समितिको प्रतिवेदन, २०६५ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०६४/०६५ को नाफा–नोक्सान हिसाब तथा सोही अवधिको नगद–प्रवाह विवरण आदि समेत समाहित पुस्तिका शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानाहरुमा कुरियर र हुलाक मार्फत पठाईएको पनि कम्पनी सचिवले जानकारी दिनुभयो ।

ख) उक्त सभामा शेयरधनीहरुको उपस्थिति ६६४ रहेको र बिक्रि भएको कूल शेयर संख्याको ६६.२% प्रतिशत प्रतिनिधित्व भएको व्यहोरा पनि जानकारी दिइयो ।

४. <u>आठौं वार्षिक साधारण सभाको छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीः</u>

१. आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षद्धारा प्रेषित प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ. व. २०६४/६५ को नाफा-नोक्सान हिसाब तथा नगद-प्रवाह विवरण छलफल गरी स्वीकृत गर्ने ।

३. आर्थिक वर्ष २०६५/६६ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक पारित गर्ने ।

४. बैंकको अधिकृत पुँजी बृद्धि गरी रु. ४ अरव पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव ।

५. बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गरी विध्यमान २ शेयर बराबर १ हकप्रद शेयर जारी गर्ने ।

६. बैंकको साविक नाम “डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड” लाई परिवर्तन गरी “डिसिबिएल बैंक लिमिटेड ” गर्ने सम्बन्धी विशेष प्रस्ताव ।

७. बैंकको शेयर पुँजी स्वामित्व तथा समितिको संरचनामा परिवर्तन गर्ने विशेष प्रस्ताव ।

८. बैंकको प्रबन्ध–पत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव ।

९. विविध

## ५. उपस्थितिः

### ५.१ सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| क) श्री कृष्णलाल महर्जन | अध्यक्ष |
| ख) श्री देवराज राजभण्डारी | संचालक (संस्थापक समूह) |
| ग) सुश्री कमला शाक्य | संचालक (संस्थापक समूह) |
| घ) श्री प्रदिप कुमार राजभण्डारी | संचालक (संस्थापक समूह) |
| ङ) श्री रोमीलाल श्रेष्ठ | संचालक (संस्थापक समूह) |
| च) श्री सोहनबाबु खत्री | संचालक (संस्थागत समूह) |
| छ) श्री कृष्णहरि भण्डारी | संचालक (सर्वसाधारण समूह) |
| ज) श्री डा. मधुवनलाल मास्के | संचालक (सर्वसाधारण समूह) |
| झ) श्री केशवप्रसाद अधिकारी | संचालक (व्यावसायीक) |

### ५.२ अन्य पदाधिकारी

| | |
|---|---|
| क) श्री सुधीरबाबु खत्री | प्रमुख कार्यकारी अधिकृत/प्रेसिडेन्ट |
| ख) श्री सुरेन्द्र भुषण श्रेष्ठ | प्रतिनिधी, आर. बज्राचार्य एण्ड कम्पनी |
| ग) श्री नारायणलाल श्रेष्ठ | कम्पनी सचिव |

## ६. शेयरधनीहरुको उपस्थिति

| | | |
|---|---|---|
| क) शेयरधनी स्वयं | - | ६५२ |
| ख) प्रोक्सीबाट | - | १२ |
| ग) जम्मा उपस्थित | - | ६६४ |

## ७. गणपूरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थित (क) | प्रतिनिधि मार्फत (ख) | जम्मा (क+ख) | जम्मा बिक्री भएको शेयरको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी | १६४०० | ६५२ | १२ | ६६४ | - |
| बिक्री भएको शेयर संख्या | ११०७४५६० | ४६०६३४४ | २७२७८८४ | ७३३४२२८ | ६६.२% |

## ८. सभाको वैधानिकता:

कम्पनी ऐन २०६३ को दफा ६७ (२) र यस बैंकको प्रबन्धपत्र तथा यस बैंकको नियमावलीको दफा ४ (३) बमोजिम सभा बोलाइएको र सभाको लागि आवश्यक गणपूरक संख्याको हकमा सोही ऐनको दफा ७३ (२) तथा यस बैंकको नियमावलीको दफा ५ मा उल्लेख भएको आवश्यक स्वयं उपस्थित शेयरधनीहरु ३ जनाभन्दा बढी माथि उल्लेख भए बमोजिम ६६४ जना उपस्थित हुनु भएको र बिक्री भएको कुल शेयर संख्याको प्रतिशतले ५०% भन्दा बढीको प्रतिनिधित्व ६६.२% पुगेको हुँदा सभा संचालनको लागि कुनै कानुनी व्यवधान नरहेको व्यहोरा शेयरधनी महानुभावहरुमा कम्पनी सचिवबाट अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ७४ (१) र यस बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले यस सभाको सभापतित्व गरिदिन बैंकका संचालक समितिका अध्यक्षलाई अनुरोध गर्नु भएपछि बैंकका संचालक समितिका अध्यक्ष श्री कृष्णलाल महर्जनज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

बैंकका कार्यकारी प्रमुख तथा प्रेसिडेन्ट श्री सुधीरबाबु खत्रीले उपस्थित शेयरधनीहरुलाई स्वागत गर्नुका साथै बैंकको स्थितिबारे छोटकरीमा प्रकाश पार्नुभयो । सभामा उपस्थित बैंकका संचालकहरुको परिचय पनि प्रस्तुत गरियो ।

९. **आठौं वार्षिक प्रतिवेदनको प्रस्तुतीः**

सभाको विषय सूची अनुसार श्री कृष्णलाल महर्जनज्यूले संचालक समितिको आठौं वार्षिक प्रतिवेदन २०६४/०६५ पढेर सुनाउनुभयो तथा वार्षिक प्रतिवेदन, प्रेषित वासलात, नाफा-नोक्सान हिसाब, सोही अवधिको नगद-प्रवाहको विवरण तथा लेखापरीक्षकको प्रतिवेदन आवश्यक स्विकृतीको लागि पेश भएकोमा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुलाई आ-आफ्नो जिज्ञासा तथा रचनात्मक सुझावको लागि आमन्त्रण गर्नुभयो ।

**निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु राख्नुभयो ।**

१) श्री तारानाथ सुबेदी

२) डा. माधव कुमार श्रेष्ठ

३) श्री मेजर कुवेर श्रेष्ठ

४) श्री व्यास कुमार शर्मा

५) श्री निर्मल कुमार प्रधान

६) श्री ठाकुर प्रसाद कोइराला

७) श्री शिवप्रसाद शर्मा

८) श्री अशोक उप्रेती

९) श्री अमृतनाथ रेग्मी

१०) श्री रोजकुमार श्रेष्ठ

११) श्री महेन्द्र बहादुर श्रेष्ठ

१२) श्री श्यामप्रसाद न्यौपाने

१३) श्री इन्द्रकृष्ण श्रेष्ठ

**निम्न वक्ता शेयरधनीहरुको मन्तव्य निम्न बमोजिम छोटकरीमा टिप्पणी गरिएको छ ।**

१) **श्री तारानाथ सुबेदी**

- बैंक बारे CM र CEO बाट महत्वाकांक्षी योजना पेश गर्नु भएकोमा Appreciate गर्नु भयो ।
- रु. २६ करोड बाट रु. १.१० अरब र अबको २ वर्षमा रु. ४ अरवको लक्ष्य त्यति सजिलो हुंदैन निकै चुनौति हुने देखिन्छ र सो सफल होस् भनि शुभकामना पनि दिनुभयो ।
- उहाँको परिवारका सदस्यहरुको Dividend लिन बाँकी भएको र उनीहरु देश बाहिर रहेको हुँदा बैंकबाट नीजलाई सो सम्बन्धमा बैंकका कर्मचारीहरुले गरेको व्यवहार बारे तितो पोख्नु भयो र उहाँले बैंकको सेवा प्रदान गर्नमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- प्रमाणपत्र Bonus Share, Right Share etc. समयमा सजिलो प्रकारले उपलब्ध गराउनुपर्ने ।

२) **डा. माधव कुमार श्रेष्ठ**

- समय भित्र वार्षिक साधारण सभा सम्पन्न गरेको एउटा ज्ञाता शेयर होल्डरको नाताले बोल्ने मौका दिइएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- विद्यमान २ शेयर बराबर १ हकप्रद शेयर दिने भएकोमा धन्यवाद दिनुभयो ।
- बैंकले चालु वर्षमा रु. १० करोड र अर्को साल रु. १५ करोड खुद नाफाको लक्ष्य राखेकोमा Leading Example को रुपमा प्रशंसा गर्नु भयो ।
- Leadership, Legality र Profitability लाई ध्यानमा राखेर वार्षिक प्रतिवेदन तयार गरिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले निम्न विषयहरुमा जिज्ञासा राख्नुभयो ।

क. चालु आ.व. २०६५/६६ को Annual Net Profit कति हो ?
ख. समिक्षा वर्ष २०६४/६५ को तुलनामा चालु आ.व.को Annual Net Profit Growth कति हो ?

ग. कम्पनी ऐनमा व्यवस्था भएको लेखापरिक्षण समितिको कार्य अन्तरगत रहेको Internal Financial Control System र Risk Management System बारे बैंकमा विद्यमान स्थिति सम्बन्धी र नेपाल राष्ट्र बैंकको Basel II सम्बन्धी कार्यान्वयनमा जिज्ञासा राख्नुभयो ।
घ. कम्पनी सचिवको आचार संहिता हालै प्रकाशित व्यवस्था बारे बैंकले कति प्रभावकारी रुपमा Implementation गरेको छ छैन जिज्ञासा राख्नु भयो ।
ङ. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५२ प्रावधान भए बमोजिमको बैंकको On- Site Inspection (२०६४/६५) नेपाल राष्ट्र बैंकले कुन मितिमा गरेको र के कस्ता निर्देशन प्राप्त भै के कति कार्यान्वयन भयो भनि जिज्ञासा राख्नुभयो ।
च. Ratio Analysis गर्दा Standard Norm पनि राख्नु पर्ने सुझाव दिनुभयो ।

निम्न लिखित सुझावहरु पनि दिनुभयो ।

क. प्रतिवेदनमा प्रस्तुत सूचकांकहरु लगानी कर्ताहरुलाई राम्रो सँग Investment Decision गर्नको लागि Meaningful हुनेगरि सूचकांकमा थप सुधारको लागि सुझाव दिनुभयो ।
ख. यो बैंकको उत्तरोत्तर बृद्धिको लागि बैंक सम्बन्धी नयाँ प्रविधिहरु अपनाउंदै जान सुझाव दिनुभयो ।
ग. Corporate Leadership बारे छोटकरीमा प्रकाश पार्नुभयो ।

३) श्री मेजर कुवेर श्रेष्ठ

- बैंकको Overall Performance राम्रो छ ।
- Development Bank बाट Comercial Bank मा Upgrade भएकोमा शेयरधनीहरु गौरववानित भएको कुरा गर्नुभयो ।
- बैंकको अहिले सम्मको Performance मा संलग्न Group अथवा Team Work Appreciate गर्नुभयो ।
- Development Bank अवस्था हँदाकै अवस्थामा Interest Earning को साथै अन्य विभिन्न शिर्षकबाट राम्रै कमाएको देखिएको

सन्दर्भमा आउंदा सालमा अझ राम्रो आम्दानी गर्न सक्षम हुने विश्वास गर्नुभयो ।

- Himalayan Distillery को शेयर सकेसम्म Dispose गर्ने बारे राय दिनुभयो ।
- स्थिर सम्पतिको रकम रु. १७.२४ करोडको विवरण माग्नुभयो ।
- संचालन खर्च बैंक टेलेक्स, टेलिफोन आदि र परामर्श खर्चको विवरण माग्नुभयो ।
- Shareholder Welfare Scheme लागु गरी शेयरधनीको Deposit र Loan मा १/१ प्रतिशतको सुविधा दिने सुझाव दिनुभयो ।
- बैंकको विभिन्न ठाँउमा Branch खोले पछि चाहिने कर्मचारीको सम्बन्धमा Shareholder का छोराछोरीलाई Employment Preference को व्यवस्थाको लागि सुझाव दिनुभयो ।
- Corporate Social Responsibility अन्तरगत गरिव, अपाङ्ग विद्यार्थी आदिलाई सहयोग गर्न कार्यमा अग्रसरता देखाउन सुझाव दिनुभयो ।
- Best Staff of the Year व्यवस्था गरि AGM सामु Award समेत दिन सुझाव दिनुभयो ।
- विभिन्न जिल्लामा Branch वा अन्य निकायको आवश्यक पर्ने घर जग्गा सयम मै हेरि मिलाउन पनि सुझाव दिनुभयो ।
- Public Relation को पदमा बस्ने कर्मचारीमा विशेष व्यवहारको गुण हुनु पर्ने सुझाव दिनुभयो ।
- नेपाल सरकारलाई २ करोड ५० लाख कर तिर्न सक्षम भएकोमा खुशी व्यक्त गरी धन्यवाद दिनुभयो ।

४) <u>श्री व्यास कुमार शर्मा</u>

- यस सालको मुनाफालाई Reserve Fund मा राखेकोमा Appreciate गर्नुभयो ।
- बैंकको Performance बारे प्रस्तुत प्रतिवेदनमा ग्राफ चार्टबाट बैंक बारे यथेष्ट कुरा सजिलो सँग बुझ्न सकिने गरि पेश भएकोमा पनि Appreciate गर्नुभयो ।

- खर्चको Trend कम हुँदै आम्दानीको Ratio बढदैं गएको देखिन्छ जुन एउटा राम्रो संकेत हो । त्यस्तै आम्दानीको सम्बन्धमा खुद मुनाफामा निकै राम्रो प्रगति गर्नुभई आगामी सालको मुनाफा प्रक्षेपण गरिएकोमा शेयरधनीको नाताले खुशि प्रकट गर्नुभयो ।
- कुल संचालन खर्चको Ratio घटाएको र आम्दानीको Ratio बढाएको देखिएकोबाट पनि उहाँको थुप्रै जिज्ञासालाई जवाफ प्राप्त भएको व्यहोरा स्पष्ट गर्नुभयो ।
- बैंकबाट Social Obligation, New Product Branch, Service Sector सम्बन्धी विषयमा पनि प्रतिवेदनमा निकै खुलासा गरिएकोमा उहाँले प्रशंसा गर्नुभयो ।

सुझाव

- NRB को Monetary Policies अन्तर्गत Long-Tearm Business Strategy बनाएर लानु पर्दा Fast Track अपनाउनु पर्ने ।
- Low Cost Capital को खोजी निरन्तर भइरहनुपर्ने ।
- Investment & Non -Fund Business मा Portfolio Diversify गर्नुपर्ने ।
- MIS, NPA, NBA, Portfolio Management सम्बन्धी कुरामा मुख्य ध्यानदिनु पर्ने र NPA /NBA घटाउनको लागि छुट्टै CELL राख्नु मनासिव देखिने सुझाव दिनुभयो ।
- Net Work, ATM बढाउन पनि मनासिव देखिन्छ तर एउटै ठाउँमा Concentration गर्नुको सट्टा नयाँ Area मा जानुपर्ने सुझाव दिनुभयो ।
- Business Volume र Net Work बढदै गए पछि पनि Control Mechanism मा पनि ध्यानदिनुपर्ने सुझाव दिनुभयो ।
- Internal Audit मा विशेष ध्यानदिनुपर्ने Basel II अनुसारको जोखिम तिर पनि विशेष ध्यानदिनुपर्ने सुझाव दिनुभयो ।
- कुनै पनि संस्थाको प्रगतिमा Human Resource को ठूलो महत्व हुने हुदाँ कर्मचारीलाई Motivate गर्न विभिन्न किसिमको

Incentives Training Program आदिमा पनि ध्यानदिनुपर्ने सुझाव दिनुभयो ।

- Shareholder को लागि पनि कुनै किसिमको Business Package ल्याउने सम्भावनाको खोजी गर्नुपर्ने ।

५) <u>श्री निर्मल कुमार प्रधान</u>

- बैंकको सफलताको लागि खुशि व्यक्त गर्नुभयो र कम वर्ष मै यस बैंकले गरेको प्रगति राम्रो भएको धारणा राख्नुभयो ।
- बैंकले रु. ४ अरव को अधिकृत पुंजीको प्रस्तावनाले पनि बैंकले दुर–दृष्टि राखेको कुरामा पनि सराहना गर्नुभयो ।

६) <u>श्री ठाकुर प्रसाद कोइराला</u>

- बैंकको Financial Highlights राम्रो लागेको कुरा व्यक्त गर्नुभयो ।
- Development Bank हुँदा गरेको काम जस्तै Commercial Bank भएपछि पनि त्यतिकै राम्रो काम हुने विश्वास प्रकट गर्नुभयो ।
- संस्थाको विकासको लागि विद्यमान कर्मचारीको ठूलो देन हुने भएकोले Human Resource Development मा यथोचित खर्च हुनुपर्ने राय व्यक्त गर्नुभयो ।
- Corporate Social Responsibility सम्बन्धमा पनि बैंकको सम्लग्नताको सराहना गर्नुभयो ।
- बैंकको प्रतिवेदनबाट बैंक सम्बन्धि तथ्य पारदर्शी भएकोमा पनि सराहना गर्नुभयो ।
- गत साल AGM मा उठाइएका कति विषयमा काम कारवाही भएको नभएको यथार्थ विवरण दिइएकोमा पनि सराहना गर्नुभयो ।
- अब Commercial Bank भइसके पछि नयाँ नयाँ Investment Possibilities हेरि कार्य गर्नु होला भनि विश्वास प्रकट गर्नुभयो ।
- प्रस्तावना गरिएका प्रबन्धपत्र र नियमावलीमा उल्लेखित बुंदाहरु समसामयिक भएकोले आफ्नो समर्थन प्रकट गर्नुभयो ।
- बैंकको उत्तरोत्तर सफलताको लागि कामना गर्नुभयो ।

७) **श्री शिवप्रसाद शर्मा**

- प्रस्तावित हकप्रद शेयर २:१ बाट पुँजी बृद्धि गरि सकेपछि शेयरधनीहरुलाई सोहि बमोजिम लाभांस सुविधा दिन आवश्यक कार्य गर्नु हुने आशा प्रकट गर्नुभयो ।
- यसपाली नाफा देखाएर पनि बाँकी आउंदा सालमा शेयरधनी कै लागि रिजर्भ राखेकोमा पनि सन्तोष व्यक्त गर्नुभयो ।
- Remittance मा पनि ध्यान दिन आग्रह गर्नुभयो ।
- व्याज आर्जनलाई सकेसम्म संचालन खर्चमा प्रयोग नगर्ने गरी व्यवस्था गर्नुपर्ने राय दिनुभयो ।
- B/S विवरणबारे बैंकको स्थिति Transparent रुपमा प्रस्तुत गरिएकोमा Appreciate गर्नुभयो ।
- DCBL को हाल बन्दै गएको Building को अनुमानित लागत बारे जानकारीको लागि अनुरोध गर्नुभयो ।
- Bank को Branch खोल्नु अगाडी सम्भाव्यता र कति खोल्ने भन्ने लक्ष्य बारे राम्रो ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।
- बैंकबाट पठाएका AGM सम्बन्धी कागजातको सम्बन्धमा समयमा नपुग्नु वा पुग्दैन भनी सानो गुनासो राख्नुभयो ।
- Shareholder Scheme को कुरा बारे ऋण प्रदानमा १% घटी र Deposit मा १% बढी शेयरधनीलाई सुविधा प्रदान गर्न आफ्नो राय व्यक्त गर्नुभयो ।

८) **श्री अशोक उप्रेती**

- आधारभूत शेयरधनी भन्नाले कसलाई जनाउंछ जानकारी माग्नुभयो ।
- स्वतन्त्र व्यवसायीक संचालकको Criteria बारे पनि जिज्ञासा राख्नुभयो ।
- बैंकको उत्तरोत्तर विकासको कामना गर्नुभयो ।

९) **श्री अमृतनाथ रेग्मी**

- Commercial Bank भइसकेपछि थोरै समयमा पनि राम्रै प्रगति गरेको देखिन्छ ।

- Shareholders लाई ऋण दिन र Deposit Collection मा सुविधा दिंदा Bank लाई अप्ठयारो पर्ने राय व्यक्त गर्नुभयो ।
- हाल चलनचल्तिमा रहेको प्रतिवेदनमा संचालक समितिको प्रतिवेदनमा अध्यक्षबाट आफ्ना विश्लेषण सहित विश्वको अन्य वित्तीय संस्थाहरुको जस्तै प्रतिवेदन पेश गर्ने राय पेश गर्नुभयो ।
- Overhead खर्च सकेसम्म Fees, Commission आदिबाट Cover गर्ने प्रयास गर्नु अझ हितकर हुने राय दिनुभयो ।
- Off Balance Sheet Items मा बढी ध्यानदिनुपर्ने राय दिनुभयो ।
- International Bank Partner पनि खोज्ने हो कि आफ्नो सुझाव दिनुभयो ।
- Share Option को मार्फतबाट राम्रो कर्मचारीलाई Retaine गर्ने बारे राय दिनुभयो ।
- Bank को आफ्नै Brand Develop गर्ने बेला आएको हुँदा सो बारे राम्रो सोच्न राय दिनुभयो ।
- Traditional Banking बाट मात्र अब कमाउन सकिने अबस्था नरहेको हुँदा Project Financing, Implementation, Supervision, Monitering आदि विषयमा पनि ध्यान दिनुपर्ने स्थिति देखिएको राय दिनुभयो । Investment Bank को Concept सम्बन्धी विषयमा पनि ध्यान दिने बेला आएको सुझाव दिनुभयो ।
- बैंकिङ्ग क्षेत्रमा हालको परिस्थितिलाई दृष्टिगत गर्दा Public Relation ले ठूलो Role Play गर्ने देखिएकोले यस बारे पनि सर्तकता अपनाउनु पर्ने राय दिनुभयो ।
- Board ले आफ्नो छाती ठूलो पारी सुविधाहरु दिनुपर्ने ।

१०) <u>श्री रोजकुमार श्रेष्ठ</u>

- Commercial Bank मा Upgrade भएकोमा खुशी व्यक्त गर्नुभयो ।
- प्रतिवेदन पारदर्शी र शेयरधनीमुखी भएकोमा धन्यवाद दिनभयो ।

- संचालक समितिको प्रतिवेदनका केहि प्रस्तुति प्रतिवेदनको रुप जस्तो नभई सभाको माइन्यूट जस्तो देखिएकोबाट प्रतिवेदनको गुणस्तरमा असर परेको उहाँको गुनासो पोख्नुभयो ।
- Annual Target, नाफा लक्ष्य आदि जस्ता विषय वस्तु प्रष्ट गर्नु आवश्यक नरहेको उहाँले राय दिनुभयो ।
- International Joint Venture Partner जस्तो विषयमा पनि उहाँ धेरै नै सोचेर मात्र यस बारे धारणा बनाउनु पर्ने आफ्नो राय व्यक्त गर्नुभयो ।
- Basel II को सम्बन्धमा हाल प्रयोग नै भइरहेको भन्ने कुरा खुलासा गरेको भए अझ राम्रो हुने विचार व्यक्त गर्नुभयो ।
- संचालक समितिको संख्या घटाएकोमा प्रंशसा गर्नुभयो ।
- वार्षिक प्रतिवेदनमा मिति र अध्यक्ष वा अन्य संचालकको सहि नभएको बारे ध्यान आकर्षण गराउनुभयो ।
- प्रमुख सूचकांक राम्रो सँग दिइएकोमा खुशी लागेको कुरा व्यक्त गर्नुभयो ।
- बैंकको रु. २ अरव बाट रु. ४ अरव को प्रस्तावनामा पनि हालको नेपाल राष्ट्र बैंकको Attitude हेर्दा २/४ वर्ष पछि अझ चुक्ता पुँजी बढाउन निर्देशन नदेला भन्न सकिन्दैन र यसैले देशको परिस्थिति र Business Volume लाई दृष्टिगत गर्दा आखिर Bank/Financial Institution Merge हुनै पर्ने स्थितिलाई ध्यानदिई यसबारे अहिले दखिनै सोच्नुपर्ने रायको साथै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

११) <u>श्री महेन्द्र बहादुर श्रेष्ठ</u>

- Commercial Bank हुन गएकोमा खुशी व्यक्त गर्नुभयो ।
- अब Commercial Bank भएपछिका Competitors को प्रतिस्पर्धामा यस बैंकको Strategy बारे प्रतिवेदनमा खुलासा भएको भए राम्रो हुने राय व्यक्त गर्नुभयो ।
- बैंकबाट Land/Apartment आदिमा लगानी भएकोमा जानकारी माग गर्नुभयो ।
- Remittance मा कमी आउन सक्ने सम्भावनालाई ध्यान दिई यस बारे नयाँ Area खोज्नु पर्ने बारे ध्यान दिन आग्रह गर्नुभयो ।

- Social Responsibility अन्तर्गत पनि बैंकको विज्ञापनमा सहयोग हुने बारे ध्यानदिन आग्रह गर्नुभयो ।
- सरकारी Revenue Collection Center मा राम्रो ध्यान दिईदा बैंकको कार्यमा अझ सहयोग हुने राय दिनुभयो ।
- संचालकको संख्या कटौति भएको राम्रो भएको राय व्यक्त गर्नुभयो ।
- Traveller's Cheque Without Commission for Students बारे अझ विस्तृत रुपमा जानकारी गराउदा बैंकको राम्रो विज्ञापन हुने राय दिनुभयो ।
- ATM बाट पनि विज्ञापन हुने हुँदा यसबारे पनि यथोचित ठाउँ हेरि विस्तार हुनपर्ने राय दिनुभयो ।

१२) <u>श्री श्यामप्रसाद न्यौपाने</u>

- बैंकको प्रगति प्रति धन्यवाद दिनुभयो ।
- Development Bank बाट Upgrade भई Commercial Bank भैसकेपछि काम गर्ने कर्मचारीलाई पनि यथोचित Incentives, Remuneration को व्यवस्था हुनपर्ने राय दिनुभयो ।
- १:३ को Right Issue पश्चात् बैंकको चुक्ता पुँजीको अनुपातमा Deposit Collection गरी Business Expansion कम भएको हो कि भन्ने गुनासो गर्नुभयो ।

१३) <u>श्री इन्द्रकृष्ण श्रेष्ठ</u>

- बैंकको प्रगति प्रति खुशी प्रकट गनुभयो ।
- कर्मचारीको सुविधा थप्नुपर्ने सुझाव दिनुभयो ।
- निष्कृय कर्जा २.६७ बाट घटाउनु पर्ने सुझाव दिनुभयो ।
- रु. १०० मा पनि खाता खोल्न पाऊ भनि सुझाव दिनुभयो ।

**श्री सुधीर खत्री ज्यू (प्रमुख कार्यकारी अधिकृत) ले उल्लेखित विभिन्न वक्ताहरुको जिज्ञासा निवारणको सन्दर्भमा निम्न जानकारीहरु दिनुभयो** :

- बैंकमा हालसम्म वितरण भैनसकेको Dividend मा बारम्बार सम्बन्धित शेयरधनीहरुलाई विभिन्न माध्यमबाट सूचना दिइएको र बैंकमा सो Dividend बाट नीजहरुको खाता खोल्ने प्रयास गर्दा पनि सफल हुन नसकेको हुँदा सो रकम अझ सम्म रहेको र सो रकम वितरणको लागि शेयरधनीबाट पनि सहयोगको अपेक्षा गर्नुभयो ।
- Basel II मा DCBL शुरु देखिनै Involve भएको व्यहोरा जानकारी दिनुभयो ।
- Merchant Banking को License पाइसकेको र अब AGM को काम सम्पन्न भैसकेपछि सो कार्य शुरु गर्ने जानकारी दिनुभयो ।
- DCBL बाट समय समयमा विभिन्न Products को शुरुवात गरेको हो र अब Certificate of Deposit पनि सोहि अन्तर्गतको नयाँ Product भएको जानकारी दिनुभयो ।
- Himalayan Distillery को शेयर Dispose बारे यथावत प्रयास जारी रहेको जानकारी दिनुभयो ।
- कर्मचारीलाई Incentive दिने बारे बैंकले सकारात्मक तवरले कार्य गर्दै आएको जानकारी दिनुभयो ।
- २०६६/६७ सम्ममा नेपाल राष्ट्र बैंकले तोके बमोजिम चुक्ता पुँजी पुऱ्याउन Right Share को पुन आवह्वान बाध्यताबस गरिएको जानकारी दिनुभयो ।
- Social Responsibility को सम्बन्धमा यस बैंकबाट लगातार सेवा पुऱ्याउदै आएको जानकारी दिनुभयो ।
- Business Plans र Strategy का कुराहरु सबै खुलासा गर्नु त्यति व्यवहारिक नहुने कुरा स्पष्ट पार्नुभयो ।
- Interest Earned बाट भन्दा अन्य कमिशन फि आदि बाट Overhead expenses meet गर्ने प्रयास गर्दै रहेको खुलासा गर्नुभयो ।
- अन्य संस्था सँग Merge भएर काम गर्ने बारे पनि Bank को धारणा सकारात्मक भएको व्यहोरा स्पष्ट गर्नुभयो ।

- Investment र Loan Portfolio बराबरीमा गर्ने सुझावको हकमा प्रयास जारी रहेको तर सो सजिलो काम नभएको व्यहोरा पनि खुलासा गर्नुभयो ।
- International Agency सँगको Partnership को नेपालमा विद्यमान Example सबै सुखद् छैनन् तर Net Working को सन्दर्भमा राम्रो हुने व्यहोरा खुलाउनुभयो ।
- बैंकको Brand Name को लागि यथाशक्य विशेष प्रयास गरिने जानकारी दिनुभयो ।
- संचालक समितिको प्रतिवेदनमा कुनै Portion Minute जस्तो लागेको भन्ने Comment मा यसबारे अर्कोपटकमा विचार गर्ने विश्वास दिलाउनु भयो ।
- कुनै पनि कामको Target दिनु राम्रो हुने जानकारी दिनुभयो ।
- Basel II बारे Detail दिनु राम्रो हुने कुरा जानकारी दिनुभयो ।
- अन्य संस्था सँग Merge गर्ने बारे प्रयास भएको हो तर अहिले सम्म देश भित्र Merge Culture Develop नभएको आफ्नो अनुभव सुनाउनु भयो ।
- Traveller' Cheques विद्यार्थीलाई पढ्न जाने बेला बिना Commission मा दिइएको र सो कार्यबाट बैंकको विज्ञापनलाई सहायक हुने देखिएको छ ।

अन्तमा उहाँले यस सभामा उठेका विभिन्न विषयमा बैंकले राम्ररी मनन गरि शेयरधनीहरुको मनसाय र आकांक्षा अनुरुप काम गर्दै जाने अठोट पनि प्रष्ट गर्नुभयो ।

## <u>निर्णयहरु :</u>

सभापतिले साधारण सभामा छलफलका विषय सूचीहरु निर्णयको लागि पेश गर्नुभयो र सभाले प्रत्येक प्रस्तावलाई करतल ध्वनीका साथ पारित गरे पछि निम्न अनुसार निर्णय भएको घोषणा गर्नुभयो ।

१) आठौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रेषित प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात,सोहि मितिमा समाप्त आ.व. २०६४/६५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेत छलफल पश्चात सर्वसम्मतीबाट पारित भयो ।

३) आर्थिक वर्ष २०६५/०६६ को लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकमा हालकै लेखापरिक्षक श्री आर. बज्राचार्य एण्ड कम्पनीलाई नै रु. ८०,०००/- पारिश्रमिकमा नियुक्ती गर्ने प्रस्ताव पारित भयो ।

४) बैंकको अधिकृत पुँजी बृद्धि गरी रु. ४ अरव पुऱ्याउने विशेष प्रस्तावमा छलफल पश्चात् भविष्यमा सम्भाव्य पुँजी बृद्धिको लागि वर्तमान अधिकृत पुँजी रु. २ अरवलाई बृद्धि गरी रु. ४ अरव पुऱ्याउने निर्णय भयो ।

५) बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गरि विद्यमान २ शेयर बराबर १ हकप्रद शेयर जारी गर्ने बारे छलफल पश्चात् नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ.व. २०६६/६७ भित्र न्यूनतम जारी तथा चुक्ता पुँजी रु. २ अरव पुऱ्याउनु पर्ने पुँजी बृद्धि योजना बमोजिम बैंकको तत्काल जारी तथा चुक्ता पुँजी रु. १ अरव १० करोड ७४ लाख ५६ हजारबाट साबिक शेयरधनीहरुलाई २ शेयर बराबर १ हकप्रद शेयर जारी गरी जारी तथा चुक्ता पुँजी रु. १ अरव ६६ करोड ११ लाख ८४ हजार पुऱ्याउने प्रस्ताव पारित भयो ।

६. बैंकको साबिक नाम “डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड” लाई परिवर्तन गरी “डिसिबिएल बैंक लिमिटेड ” गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल पश्चात् बैंकको नाम हाल “डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड” रहेकोमा परिवर्तन गरी अब उपरान्त बैंकको नाम “डिसिबिएल बैंक लिमिटेड” राख्ने निर्णय भयो ।

७. बैंकको शेयर पुँजी स्वामित्व तथा समितिको संरचनामा परिवर्तन गर्ने विशेष प्रस्तावको सम्बन्धमा निम्न बमोजिम गर्ने निर्णय भयो ।

क) नेपाल राष्ट्र बैंकबाट शेयर स्वामित्वको संरचना परिवर्तन गर्ने स्विकृति प्रदान हुँदा निर्देशित शर्त बमोजिम संस्थागत शेयरधनी समूह ‘ख’ लाई खारेज गरी एउटै संस्थापक समूह सँग कूल चुक्ता पुँजीको ५१% र सर्वसाधारण समूह सँग चुक्ता पुँजीको ४९% शेयर स्वामित्व रहने व्यवस्था गर्ने ।

ख) बैंकको सञ्चालक समितिमा हुने प्रतिनिधित्वमा पनि परिवर्तन भई संस्थापक समूहबाट पाँच जनाको सट्टामा चार जना तथा सर्वसाधारण

शेयरधनी समूहबाट दुई जनाको सट्टामा तीन जनाको प्रतिनिधित्व हुने व्यवस्था गरी अब समितिमा कूल नौ जनाको सट्टामा आठ जनामात्र सञ्चालकहरु रहने गरी व्यवस्था गर्ने ।

ग) उपरोक्त बमोजिम संस्थापक समूहबाट २०६९ श्रावणसम्मको लागी साविकमा मनोनित सञ्चालकहरुको मनोनयनलाई नयाँ संरचना अनुसार आगामी ४ वर्ष अवधिको लागि पुनः मनोनयनको व्यवस्था गर्ने तथा सर्वसाधारण शेयरधनी समूहबाट थप प्रतिनिधित्व हुने एक सञ्चालकको निर्वाचन आगामी साधारण सभा सम्पन्न नभएसम्म समितिबाट नै मनोनयन गर्ने ।

८. बैंकको प्रबन्ध–पत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्तावमा छलफल पश्चात् बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने, नाम परिवर्तन गर्ने, शेयर पुँजी स्वामित्व तथा समितिको संरचनामा परिवर्तन गर्न हकप्रद शेयर जारी साथै हक हस्तान्तरण (Right Renounce) को थप व्यवस्था गर्ने समेतको लागि निम्न बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने निर्णय भयो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालय तथा नेपाल राष्ट्र बैंकको स्विकृति प्राप्त गर्ने सिलसिलामा आवश्यक पर्ने थप संशोधनहरु गर्ने अख्तियारी समितिलाई प्रदान गर्ने पनि निर्णय भयो ।

**प्रबन्धपत्रतर्फ**

| सि.न. | साविक | पारित | कारण |
|---|---|---|---|
| १ | **कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम " **डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड**" हुनेछ र यसलाई अंग्रेजीमा Development Credit Bank Limited भनिनेछ, (जसलाई यसपछि बैंक भनि सम्बोधन गरिने छ ।)<br><br>**दफा ६. बैंकको पुंजीको संरचना बैंकको पुंजीको संरचना देहाय बमोजिम हुनेछ :**<br><br>क) बैंकको अधिकृत पुंजी रु.२,००,००,००,०००/(अक्षरेपी | **कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम "डिसिविएल बैंक लिमिटेड " हुनेछ र यसलाई अंग्रेजीमा DCBL Bank Limited भनिनेछ, (जसलाई यसपछि बैंक भनि सम्बोधन गरिने छ ।)<br><br>**दफा ६. बैंकको पुंजीको संरचना बैंकको पुंजीको संरचना देहाय बमोजिम हुनेछ :**<br><br>क) बैंकको अधिकृत पुंजी रु.४,००,००,००,०००/ (अक्षरेपी | विकास बैंकबाट वाणिज्य बैंकमा भएको स्तरबृद्धीलाई सम्बोधन गर्न ।<br><br>भबिष्यमा सम्भाव्य पुंजी |

| | | | |
|---|---|---|---|
| | रु. दुई अरवमात्र) हुनेछ । उक्त पुँजीलाई प्रतिशेयर रु. १०० / का दरले २,००,००,००० (दुई करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | रु. चार अरवमात्र) हुनेछ । उक्त पुँजीलाई प्रतिशेयर रु. १०० / का दरले ४,००,००,००० (चारकरोड थान) साधारण शेयरमा विभाजन गरिएको छ । | बृद्धिको लागी । |
| | ख) बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,१०, ७४, ५६,००० / (अक्षरेपी रु. एक अरव दश करोड चौहत्तर लाख छपन्न हजार मात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००/ का दरले १,१०,७४, ५६० (एक करोड दश लाख चौहत्तर हजार पाँच सय साठ्ठी थान) साधारण शेयरमा विभाजन गरिएको छ । | ख) बैंकको तत्काल जारी गर्ने शेयर पुँजी रु. १,६६,११,८४,०००/(अक्षरेपी रु. एक अरव छैसाठ्ठी करोड एघार लाख चौरासी हजारमात्र) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १००/ का दरले १,६६,११,८४० (एक करोड छैसाठ्ठी लाख एघार हजार आठ सय चालीस थान) साधारण शेयरमा विभाजन गरिएको छ । | पुँजी बृद्धि योजना अनुरुप हकप्रद शेयर जारी गर्न । |
| | ग) बैंकले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.१,१०,७४, ५६, ०००/(अक्षरेपी रु. एक अरव दश करोड चौहत्तर लाख छपन्न हजार मात्र) हुनेछ । | ग) बैंकले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.१,६६,११,८४,०००/ (अक्षरेपी रु. एक अरव छैसाठ्ठी करोड एघार लाख चौरासी हजारमात्र) हुनेछ । | पुँजी बृद्धि योजना अनुरुप हकप्रद शेयर जारी गरी चुक्ता पुँजी बढाउन । |
| | घ) बैंकले जारी पुँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ । | घ) बैंकले जारी पुँजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | शेयर स्वामित्वमा परिवर्तन गर्ने नेपाल राष्ट्र बैंकको मिति ०६५/०५/०४ को स्विकृति प्राप्त भएको । |
| | च) संस्थागत शेयरवालाहरु (स्वदेशी वा विदेशी संगठित बैंक) को स्वामित्वमा कूल जारी पुँजीको १९% (उन्नाइस प्रतिशत) शेयर हुनेछ । यस अन्तर्गतका शेयरवालाहरुलाई समूह “ख” को रुपमा वर्गिकृत गरिएको छ । | (खारेज) | शेयर स्वामित्वमा परिवर्तन गरी समूह मिलान गरिएको हुँदा यो उपदफा खारेज गरिएको । |
| | छ) सर्वसाधारणमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ग” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको | च) सर्वसाधारणमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह “ख” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । यस समूहको कूल शेयर मध्येबाट | साविक उपदफा “च” आवश्यक नभएकोले खारेज गरी साविक “छ” लाई “च” मा |

| | | | |
|---|---|---|---|
| | कूल शेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।<br><br>ज)<br><br>झ) | बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम विक्री वितरण गर्न सकिनेछ ।<br><br>छ)<br><br>ज) | परिणत गरी नेपाल राष्ट्र बैंकको स्विकृति अनुरुप संशोधन गर्न । बाँकी उपदफाहरु मिलान गरी (ज) र (झ) लाई क्रमश (छ) र (ज) कायम गरिएको |
| २ | **दफा ८. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज :**<br><br>शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-<br><br>ञ) समूह "ख" अन्तर्गतका संस्थागत शेयरवालाहरुले आफूले लिएको शेयरहरु बैंकको संचालक समितिको स्वीकृति लिई प्रचलित नेपाल कानुन बमोजिम बेचबिखन वा अन्य तवरले हक हस्तान्तरण गर्न सक्नेछन् । तर, यसरी शेयर बिक्री गर्दा संगठित संस्थालाई मात्र बिक्री गर्न सकिनेछ र साथै कुल जारी पुँजीको १५% (पन्ध्र प्रतिशत) भन्दा बढी शेयरहरु एउटै संगठित संस्थाको नाममा कायम रहने गरी शेयरहरु बेचबिखन वा अन्य तवरले हकहस्तान्तरण गर्न पाइने छैन । | **दफा ८. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज :**<br><br>शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-<br><br>(खारेज) | राष्ट्र बैंकको स्विकृति अनुरुप समूह मिलान गरिएकोले यो उपदफा आवश्यक नभएको । |
| | ट) समूह "ग" अन्तर्गतका साधारण शेयरहरुको हक हस्तान्तरण गरी लिंदा वा दिंदा कुनै पनि शेयरवालाको स्वामित्वमा न्यूनतम् १० कित्ता शेयर रहनु पर्नेछ । यस समूहका हरेक शेयरवालाको स्वामित्वमा कुल जारी पूँजीको अधिकतम १% | ञ) समूह "ख"अन्तर्गतका साधारण शेयरहरुको हक हस्तान्तरण गरी लिंदा वा दिंदा कुनै पनि शेयरवालाको स्वामित्वमा न्युनतम् १० कित्ता शेयर रहनु पर्नेछ ।<br><br>तर बोनस शेयर वा हकप्रद शेयर जारी गरेको कारणले गर्दा १० कित्ता | समूह मिलान हुँदा "क"समूहको स्वामित्वमा जारी पुँजीको ५१% मात्र शेयर रहने भई बाँकी शेयरहरु "ख"समूहमा |

| | | | |
|---|---|---|---|
| | (एक प्रतिशत) भन्दा बढी शेयरहरु कायम हुनेगरी नामसारी दाखिल खारेज गरिने छैन । तर बोनस शेयर वा हकप्रद शेयर जारी गरेको कारणले गर्दा १० कित्ता भन्दा कम शेयर रहने अवस्था आइपरेमा सञ्चालक समितिले छुट्टै स्विकृति दिन सक्नेछ । | भन्दा कम शेयर रहने अवस्था आइपरेमा सञ्चालक समितिले छुट्टै स्विकृति दिन सक्नेछ । | परिणत हुने भएकोले १% को अधिकतम सिमा खारेज गरिएको । |
| | | ट) बैंकले पुँजी बृद्धि गर्ने प्रयोजनको लागी प्रचलित कानूनको रित पुऱ्याई साविक शेयरधनीहरुलाई हकप्रद शेयर जारी गर्न सक्नेछ । यसरी हकप्रद शेयर जारी गर्दा साबिकका शेयरधनीहरुले प्राप्त गरेको हकमध्ये सम्पूर्ण वा आंशिक हक प्रचलित नियम कानूनको रित पुऱ्याई तथा बैंकको प्रबन्धपत्र तथा नियमावली सँग नबाझिने गरी यस्तो हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्नेछन् । | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हकप्रद शेयरको हक हस्तान्तरण गर्न पाउने व्यवस्था गर्न नयाँ उपदफा थप गरिएको । |
| | **दफा ११ अन्य आवश्यक कुराहरु :-**<br><br>**(१४) खारेजी र बचाउ :**<br><br>(१) यो बैंक नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा ३६ मा व्यवस्था भए बमोजिम "ख"वर्ग बाट "क"वर्गको इजाजत प्राप्त संस्थामा परिणत भएको हुँदा डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड मिति २०५७/०४/०६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना हुँदाको यस बैंकको प्रबन्धपत्र खारेज गरिएको छ । | **दफा ११ अन्य आवश्यक कुराहरुः**<br><br>**(१४) खारेजी र बचाउ :**<br><br>(१) यो बैंक नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा ३६ मा व्यवस्था भए बमोजिम "ख" वर्ग बाट "क" वर्गको इजाजत प्राप्त संस्थामा परिणत भएको हुँदा मिति २०५७/०४/०६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना हुँदाको प्रबन्धपत्र खारेज गरिएको छ । | भाषा शुद्धि गर्नु परेकोले |

## नियमावली तर्फ

| सि.नं. | साविक | पारित | कारण |
|---|---|---|---|
| १ | **कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम “डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड” हुनेछ र यसलाई अंग्रेजीमा Development Credit Bank Limited भनिनेछ, (जसलाई यसपछि बैंक भनि सम्बोधन गरिने छ ।) | **कम्पनीको नाम :**<br><br>यस कम्पनीको नाम “डिसिविएल बैंक लिमिटेड ”हुनेछ र यसलाई अंग्रेजीमा DCBL Bank Limited भनिनेछ, (जसलाई यसपछि बैंक भनि सम्बोधन गरिने छ ।) | विकास बैंकबाट वाणिज्य बैंकमा भएको स्तरबृद्धिलाई सम्बोधन गर्न । |
| २ | **दफा २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br><br>(२) यस बैंकमा ९ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूह “क” बाट मनोनित/निर्वाचित ५ जना, संस्थागत समूह “ख”बाट मनोनित १ जना, सर्वसाधारण शेयरधनीहरुको समूह “ग”बाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् । | **दफा २७. सञ्चालक समितिको गठन, सख्या र कार्यकाल :**<br><br>(२) यस बैंकमा ८ जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूह “क”बाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुको समूह “ख”बाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् । | शेयर स्वामित्वमा परिवर्तन हुँदा नेपाल राष्ट्र बैंकको मिति २०६५/०५/०४ को स्विकृति शर्त अनुरुप समिति गठन संशोधन गर्न । |
| ३ | **दफा ५०. अन्य आवश्यक कुरा**<br><br>**(१०) खारेजी र बचाउ :**<br><br>(१) यो बैंक नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा ३६ मा व्यवस्था भए बमोजिम “ख” वर्ग बाट “क”वर्गको इजाजत प्राप्त संस्थामा परिणत भएको हुँदा डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड मिति २०५७/०४/०६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना हुँदाको यस बैंकको प्रबन्धपत्र खारेज गरिएको छ । | **दफा ५०. अन्य आवश्यक कुरा**<br><br>**(१०) खारेजी र बचाउ :**<br><br>(१) यो बैंक नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ दफा ३६ मा व्यवस्था भए बमोजिम “ख”वर्ग बाट “क”वर्गको इजाजत प्राप्त संस्थामा परिणत भएको हुँदा मिति २०५७/०४/०६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना हुँदाको नियमावली खारेज गरिएको छ । | भाषा शुद्धि गर्नु परेकोले |

| | | | |
|---|---|---|---|
| | (२) उपखण्ड १ अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेको काम कारवाही यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिने छ । | (२) उपखण्ड १ अन्तर्गत खारेज गरिएको नियमवली बमोजिम भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ । | भाषा शुद्धि गर्नु परेकोले |
| | (३) कम्पनी (बैक) स्थापना हुँदाका बखत संस्थापक शेयरधनीहरुले लिन कवोल गरेको शेयर संख्या, निजहरुको नामथर ठेगाना दस्तखत, साक्षीको विवरण, प्रबन्धपत्र तयार पार्ने व्यक्तिको विवरण यथावत रुपमा दफा १५ मा उल्लेख गरिएको छ । | (३) कम्पनी (बैक) स्थापना हुँदाका बखत संस्थापक शेयरधनीहरुले लिन कबोल गरेको शेयर संख्या, निजहरुको नामथर ठेगाना दस्तखत, साक्षीको विवरण, नियमावली तयार पार्ने व्यक्तिको विवरण यथावत रुपमा दफा ५३ मा उल्लेख गरिएको छ । | भाषा शुद्धि गर्नु परेकोले |
| ४ | **दफा ५१. नियमावली संशोधन भएमा लागू हुने अवस्था :** | **दफा ५१. नियमावली संशोधन भएमा लागू हुने अवस्था :** | |
| | (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६२ र कम्पनी ऐनको अवस्थाको अधिनमा रही कम्पनी ऐनको दफा २१ र ८३ मा गरेको व्यवस्थामा बाहेक अन्यको हकमा सामान्य प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावलीमा संशोधन भएको मानिनेछ । | (१) बैंकले यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र कम्पनी ऐनको अवस्थाको अधिनमा रही कम्पनी ऐनको दफा २१ र ८३ मा गरेको व्यवस्थामा बाहेक अन्यको हकमा सामान्य प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख भएपछि मात्र नियमावलीमा संशोधन भएको मानिनेछ । | भाषा शुद्धि गर्नु परेकोले |
| | (२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६२ र कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानुन संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गरिने छ । | (२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ र कम्पनी ऐन तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानुन संशोधन भएको खण्डमा यो नियमावली पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस नियमावलीमा समेत सोही अनुरुप संशोधन गरिने छ । | भाषा शुद्धि गर्नु परेकोले |

| | | | |
|---|---|---|---|
| ५ | **दफा २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br><br>(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।<br><br>(६)<br><br>(७)<br><br>(८) | **दफा २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br><br>(खारेज)<br><br>(५)<br><br>(६)<br><br>(७) | यो उपदफा सान्दर्भिक नरहेकोले खारेज गरिएको । बाँकी उपदफाहरुको नम्बरहरु मिलान गरी नम्बरहरु मात्र (६), (७) र (८) को सट्टामा क्रमश (५), (६) र (७) कायम गरिएको । |
| ६ | **दफा ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :**<br><br>संस्थागत समूह “ख” बाट मनोनित सञ्चालकमा बैकल्पिक सञ्चालक पनि रहन सक्ने व्यवस्था छ । | **दफा ३१. सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :**<br><br>कुनै संस्था शेयरधनी सञ्चालकमा मनोनित वा निर्वाचित भएमा वैकल्पिक संचालक पनि रहन सक्ने छ । | समूह मिलान भएकोले । |

९. विविध शिर्षक अन्तरगत कसैबाट पनि सभामा छलफल गर्नुपर्ने विषय समय भित्र प्राप्त हुन नआएकोले सभापति ज्यूले सभाबाट छलफल गर्नुपर्ने कुनै विषय बाँकी नरहेको व्यहोरा जानकारी गराउनुभयो ।

अन्तमा सभापतिज्यूले यस सम्मानित साधारण सभामा ठूलो संख्यामा उपस्थित हुनु भएका शेयरधनी महानुभावहरु तथा अमूल्य सल्लाह एवं बैंकलाई उत्थान गर्न रचनात्मक सुझाव प्रदान गर्नु हुने वक्ता महानुभावहरुलाई धन्यवाद दिनुभयो । त्यसै गरी यो आठौं साधारण सभाको व्यवस्थामा संलग्न यस बैंकका कर्मचारीहरु, स्वयंसेवक उपलब्ध गराई दिने Kathmandu College of Management, नेपाल सरकारका सम्बन्धित निकायहरु, सुरक्षा सम्बन्धी व्यवस्थाका निकायहरु एवं बैंकलाई

हरवखत सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजार लिमिटेड, प्रज्ञा भवनका सम्बन्धित कर्मचारीहरु एवं बैंकका संचालकहरु तथा सल्लाहकारहरुले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।

अन्तमा सभापतिज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| श्री नारायणलाल श्रेष्ठ | श्री कृष्णलाल महर्जन |
| (कम्पनी सचिव) | (अध्यक्ष) |